## बैठक संख्या ०३

आज मिति २०८३ साल असोज १६ गते शुक्रबारका दिन यस नार्सों गाउँपालिकाका पालिका अध्यक्ष श्री धन बहादुर गुरुङज्यूको अध्यक्षता एवं तपसिलका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १७ बमोजिम गाउँकार्यपालिकाको नियमित बैठक बसि तपसिलका निर्णय गरियो।

**उपस्थिति:-**

| क्र.नं | जनप्रतिनिधिको नाम, थर | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १ | धन बहादुर गुरूङ | अध्यक्ष | नार्सों गा.पा. | |
| २ | वेद बहादुर गुरूङ | उपाध्यक्ष | नार्सों गा.पा. | |
| ३ | मिन राशी गुरूङ | वडा अध्यक्ष | वडा नं.-१ | |
| ४ | रवि गुरूङ | वडा अध्यक्ष | वडा नं.-२ | |
| ५ | निल राम गुरूङ | वडा अध्यक्ष | वडा नं.-३ | |
| ६ | धर्म जङ गुरूङ | वडा अध्यक्ष | वडा नं.-४ | |
| ७ | थुतेन लामा | वडा अध्यक्ष | वडा नं.-५ | |
| ८ | पुष्प बहादुर गुरूङ | वडा अध्यक्ष | वडा नं.-६ | |
| ९ | ओम बहादुर गुरूङ | वडा अध्यक्ष | वडा नं.-७ | |
| १० | याद घले | वडा अध्यक्ष | वडा नं.-८ | |
| ११ | मिङ्मर छिरिङ विष्ट | वडा अध्यक्ष | वडा नं.-९ | |
| १२ | डिल कुमारी घले | का.पा.सदस्य | नार्सों गा.पा. | |
| १३ | सुक बहादुर परियार | का.पा.सदस्य | नार्सों गा.पा. | |
| १४ | प्रमिला गुरूङ | का.पा.सदस्य | नार्सों गा.पा. | |
| १५ | सोनिया गुरूङ | का.पा.सदस्य | नार्सों गा.पा. | |
| १६ | चनार स्यो गुरूङ | का.पा.सदस्य | नार्सों गा.पा. | |
| १७ | मोहन कुमारी घले | का.पा.सदस्य | नार्सों गा.पा. | |
| १८ | अनुप पौडेल | सदस्य सचिव | नार्सों गा.पा. | |
| आमन्त्रित:- | | | | |
| १ | गोविन्द बहादुर रानाभाट | व.प्रशासकीय अधिकृत | नार्सों गा.पा. | |
| २ | नविन जोशी | इन्जिनियर | नार्सों गा.पा. | |
| ३ | रविन्द्र राज पौडेल | स.लेखा अधिकृत | नार्सों गा.पा. | |
| ४ | शुशिल थापा | व.प्र.स. | नार्सों गा.पा. | |
| ५. | उज्वल लोहनी | प्र.प्र. | - - | |

CS Scanned with CamScanner

**निर्णय नं १**

यस पूर्व गाउँकार्यपालिकाको बैठकबाट भएको निर्णयको पुनरावलोकन सम्बन्धमा आवश्यक छलफल गर्दा अधिकांश निर्णयहरु कार्यान्वयन भई सकेको र बाँकी निर्णयहरु पनि कार्यान्वयनको चरणमा रहेको व्यहोरा बैठकमा अवगत भयो ।

**निर्णय नं-२**

ठेक्का नम्बर NCB-5/Nason/081/082 Construction of Quarter Building Near Pashu And Krishi Bhawan,Nason-3,Dharapani,manang आयोजना रु.३,०१,२२,७१८/६१(तीन करोड एक लाख बाइस हजार सात सय अठार रुपैंया एकसट्ठी पैसा) भ्याट सहित लागतमा कार्य गर्ने गरि M/S B.S-K.B.G.-Siddhibinayak JV,Bhaktapur सँग सम्झौता भई कार्यान्वयमा रहेको आयोजनमा निर्माण कार्यको विभिन्न आईटमहरुमा थपघट भई सम्झौतामा उल्लेखित लागत भन्दा भिन्न हुन जाने भएकोले सम्बन्धित निर्माण कम्पनीले उक्त निर्माण कार्यको Variation Order1 (VO1) गरि दिन निवेदन भएकोमा गाउँपालिकाको कार्यालयको तर्फबाट पेश भएको संशोधित लागत अनुमान रु.३,३१,९५२/१९(तीन लाख एकातीस हजार नौ सय बउन्न रुपैंया उन्नाइस पैसा मात्र) भ्याट र पि.एस समेत थप गरि VO1 पछि हुने संशोधित कुल सम्झौता रकम रु.३,०४,५४,६७०/८०(तीन करोड चार लाख चौवान्न हजार छ सय सत्तरी रुपैंया असी पैसा मात्र) भ्याट र पि.एस सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं-३**

ठेक्का नम्बर NCB-5/Nason/081/82 Construction of Quarter Building Near Pashu And Krishi Bhawan,Nason-3,Dharapani,manang आयोजना रु.३,०१,२२,७१८/६१(तीन करोड एक लाख बाइस हजार सात सय अठार रुपैंया एकसट्ठी पैसा) भ्याट सहित लागतमा कार्य गर्ने गरि M/S B.S-K.B.G.-Siddhibinayak JV,Bhaktapur सँग सम्झौता भई कार्यान्वयमा रहेको आयोजनमा निर्माण कार्यको हाल सम्मको कार्य प्रगतिका आधारमा चौथो रनिङ बिल बापतको रकम भुक्तानी पाउँ भनी मिति २०८३/०५/१५ मा यस कार्यलयमा निवेदन गर्नु भएकोमा आवश्यक कारवाहि भई गाउँपालिकाको तर्फबाट कार्य प्रगति सहितको प्राविधिक मूल्याङ्कन आधारमा पेश हुन आएको चौँथो रनिङ बिल बापतको रकम रु.५९,०७,३०४/५६(उनन्सठी लाख सात हजार तीन सय चार रुपैंया छपन्न पैसा मात्र) भ्याट र पि.एस समेत मानसिव देखीएकोले भुक्तानी दिने निर्णय गरियो ।

## निर्णय नं-४

NCB-2/ Nason/082/83 Construction of Lab And Library Building at Prakash Jyoti Secondary School-Nason-5,Manang कार्य श्री दाजुभाई निर्माण सेवा लम्कीचुहा-१,कैलालीसँग सम्झौता भई २०८३/०६/१९ गते सम्म सम्पन्न गर्ने गरि म्याद कायम रहेकोमा कार्यान्वयनकै चरणमा मिति २०८३/०६/७ देखी ११ सम्म परेको अविरल बर्षासँगै आएको बाढी तथा पहिरोको कारण उत्पन्न समस्या देखाई तोकीएको समयमा कार्य सम्पन्न गर्न नसकेकोले आगामी मिति २०८३/०९/३० गते सम्मका लागि आयोजना सम्पन्न गर्नु पर्ने म्याद थप गरिदिन मिति २०८३/०६/१५मा निवेदन पेश गरिएको छ।

उक्त निवेदनमा उल्लेख गरिएको कारण बाढीले बेशिसहर-चामे सडक अवरुद्ध हुँदा निर्माण सामग्री ल्याउन नसकिएको र हाल सम्म समेत बाटो अवरुद्ध रहेको, निर्माण स्थलमा दुधखोला तथा मर्स्याङ्दी नदीमा आएको बाढीको कारण सुरक्षित रुपमा रहनका लागि घर फर्किएको र बर्षाका कारण निर्माण कार्य समेत अवरुद्ध भएको व्यहोरा मानसिव देखिएकोले उक्त निर्माण सेवाबाट माग भए बमोजिम NCB-2/ Nason/082/83 Construction of Lab And Library Building at Prakash Jyoti Secondary School-Nason-5,Manang कार्यको मिति २०८३/०६/२० देखी लागू हुने गरि मिति २०८३/०९/३० सम्म म्याद थप गर्ने निर्णय गरियो।

## निर्णय नं-५

मिति २०८३ असोज ८ गते देखी ११ गते सम्म परेको अविरल बर्षाका कारण आएको बाढी तथा पहिरोको कारण यस नासों गाउँपालिका अन्तरगत विभिन्न वडाहरुमा भएको क्षति सन्दर्भमा नासों गाउँपालिका वडा नं-१ ताल मनाङको च.नं.३५ मिति २०८३/०६/१३ र ८ नं वडा कार्यालयको सम्बन्धित पत्रबाट क्षति पुगेका तपसिलका घर परिवारलाई राहत उपलब्ध गराईदिनु भनी सिफारिस भई आएको हुँदा क्षतिको अवस्थालाई मध्यनजर गर्दै यस नासों गाउँपालिकाको विपद व्यवस्थापन ऐन,२०८० मा भएको व्यवस्था समेतलाई मनन गरि यस नासों गाउँपालिकाको बाढी पहिरो पिडित घरपरिवार आर्थिक सहयोग कार्यविधि,२०७८ बमजिम क्षतिको आधारमा तपसिल बमोजिम राहत रकम नासों गा.पा.स्थानीय तह प्रकोप व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरियो।

| क्र.सं. | पिडीतको नाम थर | वडा | राहत रकम |
|---|---|---|---|
| १ | सान्त कुमारी दमै | नासों -१ | रु.५०,०००/- |
| २ | ज्ञान बहादुर गुरुङ | नासों -१ | रु.५०,०००/- |
| ३ | काहिला गुरुङ | नासों -१ | रु.५०,०००/- |
| ४ | वुद्धराज गुरुङ | नासों -१ | रु.३०,०००/- |
| ५ | गुरु प्रसाद गुरुङ | नासों -१ | रु.३०,०००/- |
| ६ | राम चन्द्र गुरुङ | नासों -१ | रु.३०,०००/- |

CamScanner

| | | | |
|---|---|---|---|
| ७ | खेम राज गुरुङ | नासों -१ | रु.१०,०००/- |
| ८ | उम्मर बहादुर गुरुङ | नासों -१ | रु.१०,०००/- |
| ९ | दुर्गा परियार | नासों-९ | रु.१०,०००/- |
| १० | मंगल बहादुर गुरुङ | नासों-९ | रु.५०,०००/- |
| जम्मा | | | रु.३,२०,०००/- |

## निर्णय नं-६

मिति २०८३ असोज ८ गते देखी ११ गते सम्म परेको अविरल बर्षाका कारण आएको बाढी तथा पहिरोको कारण नासों गाउँपालिका तपसिलका स्थानहरुमा अवरुद्ध बाटो तत्काल खुलाउनका लागि निम्नानुसारको बजेट नासों गा.पा.स्थानीय तह प्रकोप व्यवस्थापन कोषबाट विनियोजन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र.सं. | विवरण | वडा | वजेट रकम | |
|---|---|---|---|---|
| १ | डोना ताल जाने पैदल मार्ग निर्माण | नासों-२ | रु.९९,०००/- | |
| २ | सुती खोलादेखी याकखर्क पैदलमार्ग निर्माण | नासों-७ | रु.९९,०००/- | |
| ३ | भिमथाङदेखी पव्रोसम्मको पदमार्ग निर्माण | नासों -६ | रु.९९,०००/- | |
| ४ | फूलबारी होटल धारापानी पछाडी बस्ती संरक्षणका लागि ग्याविन जाली लगाउने कार्य | नासों ३ | रु.९९,०००/- | |
| ५ | घेराङ जाने मोटरबाटो ढुङ्गा फुटाउने तथा बाटो सुधार कार्य | नासों -१ | रु.९९,०००/- | |
| ६ | एकलेभट्टी झो.पु.नजिक बाढीबाट क्षति ग्रस्त घर संरक्षणका लागि ग्याविन जाली तथा संरक्षण कार्य | नासों -९ | रु.९९,०००/- | |

CamScanner

**निर्णय नं-७**

मिति २०८३ श्रवान  २० गते परेको अविरल बर्षाका कारण दुधखोलामा आएको बाढी तथा पहिरोको कारण नासों गाउँपालिका वडा नं ६ र ७ स्थित बुदे बगर पदमार्ग अवरुद्ध भएकोले तत्काल सञ्चालका लागि श्री सातकन्या कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.नासों-८ ताचैलाई कार्यदेश दिई बाटो खुलाईएकोमा सम्बन्धित वडाको प्रयोग भएको एक्साभेटरको प्रमाणीत घण्टा, वडा नं-६ र ७ को आमभेलाको समय प्रमाणीत तथा भुक्तानी गर्ने निर्णय र प्राविधिकको कार्यसम्पादन प्रतिवेदनको आधारमा हुन आउने रु.२,७१,२००/- (भ्याट सहितको) रकम कार्यदेश प्राप्त प्रा.लि.लाई नासों गाउँपालिका,स्थानीय तह प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं-८**

मिति २०८३ असोज ८ गते देखी ११ गते सम्म परेको अविरल बर्षाका कारण आएको बाढी तथा पहिरोको कारण नासों गाउँपालिका वडा नं-५ मा सञ्चालनमा रहेको श्री प्रकाश ज्योति माध्यमिक विद्यालयले प्रयोग गरिरहेको खानेपानीको मुहानमा क्षति भई प्रयोगमा पूर्ण रुपले अवरुद्ध भएको तथा पानीको मुहान अवरुद्ध हुँदा विद्यालयमा अध्ययनरत विद्यार्थी तथा अध्यपन गरिरहेका शिक्षकहरुले पानी प्रयोग गर्न नपाई विद्यालयको कक्षा सञ्चालनमै समस्य भएको भनी तत्काल सञ्चालनमा ल्याउन नासोँ गाउँपालिका वडा नं-५ थोंचेको च.नं११ मिति २०८३/०५/१३ को पत्रबाट अनुरोध भई आएकोले उक्त खानेपानी सञ्चालनका लागि आवश्यक सहजीकरण गर्ने र सञ्चालनमा ल्याउन हुने खर्च प्राविधिकको ल.ई तथा कार्यसम्पन्न प्रतिवेदन बमोजिम नासोँ गाउँपालिका, स्थानीय तह प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं-९**

मिति २०८३ भाद्र २८ गतेका दिन वेशीसहर चामे सडक खण्ड अन्तर्गत नासों गाउँपालिका वडा नं-३,खोत्रोमा ढुङ्गा सहितको पहिरो गई बाटो ब्लक भएकोले तत्काल पहिरो पन्छाई उक्त बाटो खुलाउनका लागि श्री आँखे कुटू कन्स्ट्क्सन एण्ड इक्यूइपमेन्ट प्रा.लि.नासों -१ मनाङलाई तत्कालीन अवस्थामा ढुङ्गामा  होल खोप्ने तथा ढुङ्गा फुटाउने कार्यका लागि कार्यदेश दिएकोमा सो  क्रममा भएको प्राविधिक कार्यसम्पादन मुल्याङ्कनका आधारमा हुन आउने रकम रकम नासों गाउँपालिका स्थानीय तह प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं-१०**

मिति २०८३ असोज ८ गते देखी ११ गते सम्म परेको अविरल बर्षाका कारण आएको बाढी तथा पहिरोको कारण अवरुद्ध सडकहरु (थोंचे-ताचै, ओडार गाउँ जाने मोटरबाटो) तथा अन्य वडाका विभिन्न स्थानमा तत्काल एक्साभेटर प्रयोग गरि सडक तथा पैदलमार्ग सुचारु गर्न आवश्यकतानुसार नासों गाउँपालिका कार्यालयको इन्धन सहितको एक्साभेटर प्रयोग गर्ने र सो बाट सम्भव नहुने अवस्था भएमा समेत अन्य निर्माण व्यवसायीको एक्साभेटर जिल्ला दररेट

CamScanner